# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/२९ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको ।**

---

जिल्ला चितवन, माडी नगरपालिका, संयुक्त वडा कार्यालय ७, ८, र ९ का वडा सचिव भानुभक्त आचार्यले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी उक्त पदमा कार्यरत रहेकोले कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुंदा, निज वडा सचिवले सेवामा बहाल रहने, बढुवा हुने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले नेपाल सरकारको एस.एल.सी वोर्ड अन्तरगत श्री नन्दी माध्यामिक बिद्यालय, नक्सालबाट प्रथम श्रेणीमा एस.एल.सी परिक्षा उत्तिर्ण गरेको नक्कली एवं झुठ्ठा प्रमाणपत्रहरु पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज राष्ट्रसेवक भानुभक्त आचार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता